# त्रिवेणी राजपत्र


## त्रिवेणी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ सङ्ख्या ५ मिति २०८२ पुस २४ गते


## भाग १

## त्रिवेणी नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

## संवत् २०८२ को ऐन नं ५

## त्रिवेणी नगरपालिका

## <u>आकस्मिक कोषको ऐन, २०८२</u>

**<u>प्रस्तावना:</u>** नगरपालिका क्षेत्रमा हुन सक्ने प्राकृतिक विपद्, भोकमरी, आगलागी, दुर्घटना लगायतका अप्रत्याशित वा आकस्मिक परिस्थितिहरूको प्रभावकारी रूपमा सामना गर्न, जनधनको क्षति

न्यूनिकरण गरी थप क्षति हुन नदिन तथा प्रभावित नागरिकलाई शीघ्र राहत उपलब्ध गराउने उद्देश्यले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० बमोजिम आकस्मिक कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम यस नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"आकस्मिक कोष ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्यासित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले त्रिवेणी नगर कार्यपालिका सम्झनु पर्छ।



त्रिवेणी नगरपालिका

(ग) "कोष " भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्छ।

(घ) "नगर सभा " भन्नाले त्रिवेणी नगर सभा सम्झनु पर्छ।

३. **कोषको स्थापनाः** नगरपालिकामा आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिनेछ।

४. **आकस्मिक कोषमा जम्मा गरिने रकमः** नगरपालिकाले स्थानीय सञ्चित कोषबाट आकस्मिक कोषमा पहिलो पटक रु. पन्ध्र लाख जम्मा गरिनेछ।

५. **आकस्मिक कोष खर्च गर्न सकिने क्षेत्रहरुः** आकस्मिक कोषको रकम देहायका अप्रत्याशित वा आकस्मिक परिस्थितिहरू सामना गर्न खर्च गर्न सकिनेछ;

(क) प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन

(१) भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, चटयाङ्ग, असिना, जंगली जनावरको आक्रमण जस्ता प्राकृतिक विपद्,

(२) महामारीका बेला औषधि, उपचार, राहत तथा स्वास्थ्य सामग्री खरिद,

त्रिवेणी नगरपालिका

(३) आर्थिक रुपमा विपन्न व्यक्तिको आकस्मिक उपचार तथा आकस्मिक प्रेषण,

(४) रोगकिरा वा जंगली जनावरबाट हुने कृषि तथा पशुधनमा हुने क्षति र

(५) अन्य दुर्घटना र आकस्मिक उद्धार तथा राहत कार्य।

(ख) वित्तीय तथा आर्थिक संकट

(१) नगरपालिकाका आपूर्तिकर्तालाई भुक्तानी गर्न असहज परिस्थिति उत्पन्न भएमा, र

(२) महँगी नियन्त्रण तथा बजार व्यवस्थापनका लागि आकस्मिक हस्तक्षेप गर्नुपर्ने अवस्थामा।

(ग) कानुनी वा न्यायिक खर्चहरू

(१) नगरपालिकाले आकस्मिक रुपमा लिनु पर्ने कानुनी परामर्श र

(२) कुनै अदालती निर्णय अनुसार क्षतिपूर्ति वा अन्य कानुनी दायित्व पूरा गर्नुपर्ने अवस्थामा।

(घ) अत्यावश्यक पूर्वाधार मर्मत तथा पुनःनिर्माण

(१) अत्यावश्यक सार्वजनिक सेवा सुचारु गर्न (खानेपानी, स्वास्थ्य सेवा, विद्युत्, सडक, पुल, बाटो, विद्यालय, अस्पताल, तथा अन्य सार्वजनिक संरचना) ।

(ङ) सुरक्षा सम्बन्धी आकस्मिक खर्च

(१) स्थानीयस्तरमा सार्वजनिक शान्ति तथा सुरक्षामा आकस्मिक संकट उत्पन्न भएमा, र

(२) सार्वजनिक सेवा स्थापनाहरूमा आकस्मिक सुरक्षा उपायहरू लागू गर्नुपर्ने अवस्थामा।

(च) अन्य आकस्मिक परिस्थितिहरूः नेपाल सरकार वा प्रदेश सरकारबाट आकस्मिक रूपमा अनुदान वा राहत कार्यक्रम सञ्चालन गर्न निर्देशन भएमा।

६. **कार्यविधि बनाउन सक्नेः** दफा ५ मा उल्लिखित बिषयमा आकस्मिक कोषबाट रकम खर्च गर्नका लागि नगर कार्यपालिकाले खर्च सम्बन्धी कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नेछ।

७. **खर्चको रकम सोधभर्ना गर्नु पर्नेः** कोषबाट खर्च भएको रकम स्थानीय सञ्चित कोषबाट कम्तिमा रु पन्ध्र लाख कायम हुने गरी प्रत्येक बर्ष सोधभर्ना गर्नु पर्नेछ।

८. **बाधा अड्काउ फुकाउने अधिकारः** बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

**आज्ञाले**

टेक बहादुर मौनी

प्रमुख प्रशासकीय अधिकृत